सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ४३ ♦ २०८३ साल मंसीर १२ शनिवार ♦ 28 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

महोत्तरीमा हत्या गरेको आरोपमा फरार रहेका एक अभियुक्त पक्राउ

खबर दर्पण समाचारदाता

मंसीर ११ गते, बर्दिवास

महोत्तरीको बलवामा तीन महिनाअघि एक युवकले हत्या गरेको आरोपमा फरार रहेका मुख्य अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। उक्त घटनामा यसअघि नै प्रहरीले चार जनालाई पक्राउ गरिसकेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टका अनुसार भङ्गहा नगरपालिका-६ निवासी २२ वर्षीय विवेककुमार सरदारको हत्या गरेको आरोपमा बलवा नगरपालिका-७ बनौटा निवासी ३४ वर्षीय जितेन्द्रकुमार ठाकुरलाई पक्राउ गरिएको हो । ठाकुरलाई जलेश्वर नगर पालिका-३ स्थित नेपाल-भारत सीमा नाका मलिवाडामा बिहीबार साँझ हिँडडुल गरि रहेको अवस्थामा पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक भट्टले जानकारी दिनुभयो ।

उहाँका अनुसार घटनामा संलग्न रहेको आरोपमा यसअघि नै बलवा नगरपालिका-७ बनौटा निवासी जितेन्द्रका बुबा ५८ वर्षीय अशोककुमार ठाकुर, आमा ५० वर्षीया रामकली देवी, श्रीमती २२ वर्षीया सोनु कुमारी ठाकुर तथा महोत्तरी गाउँपालिका-५ निवासी २८ वर्षीय सियाराम शर्मालाई पक्राउ गरिएको छ ।

मृतक विवेककुमार सरदार भदौ १५ गते जलेश्वर नगरपालिका-११ पिगौनास्थित दिदीको घर बाट बा ३१ प ६१३८ नम्बरको मोटरसाइकल चढेर भङ्गहास्थित घर जाने क्रममा बाटोबाटै हराउनुभएको थियो । उहाँका परिवारले भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा खोजतलासका लागि निवेदन दिएका थिए ।

खोजतलास तथा अनुसन्धानका क्रममा भदौ २६ गते उहाँको शव टुक्राटुक्रा पारेर सेफ्टी ट्याङ्कीमा राखिएको अवस्थामा फेला परेको थियो । उक्त घटनापछि मुख्य अभियुक्त ठाकुर फरार रहँदै आएका थिए ।

प्रहरी नायब उपरीक्षक भट्टका अनुसार पक्राउ परेका अशोककुमार ठाकुरकी बुहारी तथा जितेन्द्रकुमार ठाकुरकी श्रीमती सोनुकुमारी र मृतक विवेकबीच प्रेम सम्बन्ध रहेको खुलेको छ । सोही सम्बन्धका कारण योजनाबद्ध रूपमा विवेकलाई घर बोलाएर हत्या गरिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको उहाँले बताउनुभयो ।

प्रहरीका अनुसार हत्या गरेपछि फलामको दाउले शवलाई नौ टुक्रा पारिएको र लुकाउने उद्देश्यले सेफ्टी ट्याङ्कीमा राखेर माथिबाट सिमेन्ट र बालुवाले प्लास्टर गरिएको पाइएको छ । पक्राउ गरिएको छ ।

मधेशमा महिला मानव अधिकारका क्षेत्रमा काम गर्न चुनौती

लक्ष्मी चौधरी

मंसीर ११ गते, जनकपुरधाम



मधेश प्रदेशमा महिला मानव अधिकारका सवालमा काम गर्ने क्रममा विभिन्न सामाजिक, संस्थागत तथा सुरक्षा चुनौतीको सामना गर्नुपरेको एक कार्यक्रमका सहभागीहरूले बताएका छन् ।

महिला मानव अधिकार रक्षक सञ्जाल र महिला पुनर्स्थापना केन्द्र (ओरेक), मधेश प्रदेशको संयुक्त आयोजनामा शुक्रबार जनकपुरधाममा आयोजित लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत 'मधेश प्रदेशमा लैङ्गिक हिंसाको अवस्था' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा महिला मानव अधिकार रक्षक सञ्जालकी सदस्य ममता भट्टले महिला हिंसाविरुद्ध काम गर्ने क्रममा अधिकारकर्मी तथा पीडित महिलाले भोग्नुपरेका समस्या र चुनौतीलाई गम्भीरतापूर्वक लिनुपर्ने बताउनुभयो । महिला अधिकारका पक्षमा आवाज उठाउने व्यक्तिहरूलाई समाज र सम्बन्धित निकायबाट पर्याप्त साथ तथा सहयोग आवश्यक रहेको उहाँको भनाइ थियो ।

त्यस्तै, बाराबाट सहभागी सञ्जालकी सदस्य ववीता जैसवालले महिला अधिकारका क्षेत्रमा काम गर्दा विभिन्न सामाजिक अवरोध र असहयोगको सामना गर्नुपरेको बताउनुभयो । हिंसापीडित महिलालाई न्याय दिलाउने प्रक्रियामा सहजीकरण गर्दा समेत चुनौती झेल्नुपर्ने अवस्था रहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा सञ्जालकी राष्ट्रिय अध्यक्ष श्यामकुमारी साहले महिला मानव अधिकार रक्षकहरूले कार्यक्षेत्रमा भोग्नुपरेका समस्या, जोखिम तथा चुनौतीबारे प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले महिला हिंसाविरुद्ध काम गर्ने क्रममा अधिकारकर्मीहरूले सामना गर्नुपरेका विभिन्न कठिनाइ बारे जानकारी गराउनुभयो ।

ओरेककी कार्यकारी निर्देशक रेखा श्रेष्ठ शर्माले मधेश प्रदेशमा महिला हिंसाको अवस्थाबारे चर्चा गर्दै अन्य प्रदेशको तुलनामा मधेशमा महिला हिंसाका घटना बढी रहेको बताउनुभयो । महिला हिंसा न्यूनीकरणका लागि कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको उहाँले जोड दिनुभयो ।

खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेशका निमित्त सचिव सुशीलकुमार साह तेलीले प्रदेशमा महिला हिंसाको अवस्थालाई मध्यनजर गर्दै मन्त्रालयले आगामी दिनमा सञ्चालन गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन योजनाबद्ध रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । महिला हिंसा न्यूनीकरणका लागि आवश्यक योजना निर्माण गरी कार्यान्वयन गरिने उहाँले बताउनुभयो ।

अन्तरक्रियामा महिला हिंसाको वर्तमान अवस्था, महिला मानव अधिकार रक्षकहरूले भोगिरहेका चुनौती तथा हिंसा न्यूनीकरणमा सम्बन्धित निकाय र सरोकार वालाको भूमिकाबारे छलफल गरिएको थियो । सहभागीहरूले अभियानलाई प्रभावकारी बनाउन स्थानीय तह, प्रहरी प्रशासन, नागरिक समाज तथा अधिकारकर्मीबीच सहकार्य र समन्वय आवश्यक रहेकोमा जोड दिएका थिए ।

ओरेक मधेश प्रदेशकी संयोजक

बाँकी पृष्ठ २ मा

न्यायका लागि पुगेका महिला अधिकारकर्मीमाथि आक्रमण, दोषीलाई कारबाही गर्न माग

लक्ष्मी चौधरी

मंसीर ११ गते, जनकपुरधाम

धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा महिला मानव अधिकार रक्षक तथा महिला पुनर्स्थापना केन्द्र (ओरेक) का कर्मचारीमाथि भएको आक्रमणको भर्त्सना गर्दै महिला मानव अधिकार रक्षकहरूले दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न माग गरेका छन् ।

महिला मानव अधिकार रक्षकहरूको प्रदेश सञ्जाल, मधेश प्रदेशले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै घटनामा संलग्न आक्रमणकारी, योजनाकार तथा मतियारमाथि निष्पक्ष अनुसन्धान गरी प्रचलित कानुनबमोजिम कडा कारबाही गर्न सरकारसँग माग गरेको हो ।

विज्ञप्तिअनुसार गत मङ्सिर ६ गते हिंसा प्रभावित महिलालाई न्याय प्राप्तिको प्रक्रियामा सहजीकरण गर्न प्रहरीसँगै घटनास्थल पुगेका महिला मानव अधिकार रक्षक तथा ओरेकका कर्मचारीमाथि निर्घात कुटपिट, बलात्कार प्रयास, लुटपाट र ज्यान मार्ने धम्की दिइएको थियो ।

अन्तरजातीय प्रेम सम्बन्धका कारण परिवार तथा समाजबाट विभेद र हिंसा भोग्न बाध्य एक महिलालाई न्याय दिलाउने प्रक्रियामा सहजीकरण गर्न अधिकारकर्मीहरू घटनास्थल पुगेका बेला करिब १५० जनाको समूहले धारिलो हतियार देखाउँदै आक्रमण गरेको विज्ञप्तिमा उल्लेख छ। आक्रमणका क्रममा



अधिकारकर्मी तथा कर्मचारीको कपडा च्यात्नुका साथै गरगहना लुटपाट र ज्यान मार्ने धम्कीसमेत दिइएको जनाइएको छ ।

प्रहरी चौकीभित्रै समेत पुनः हातपात भएको र ओरेकका दुई जना कर्मचारी गम्भीर घाइते

बाँकी पृष्ठ ३ मा

जनकपुर-अयोध्या रेल सेवाको टिकट बिक्री सुरु

खबर दर्पण समाचारदाता
मंसीर ११ गते, बर्दिवास



नेपालका प्रधानमन्त्री वालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गर्नुभएको सरयू-कमला एक्सप्रेस यही मङ्सिर १२ गते शनिबारदेखि व्यावसायिक रूपमा सञ्चालन हुने भएको छ। रेल सेवाका लागि बिहीबार देखि जनकपुरधाममा टिकट बिक्री सुरु गरिएको छ।

नेपाल रेलवे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार जनकपुरधामदेखि भारतको उत्तर प्रदेशस्थित अयोध्याधामसम्म सातामा एक दिन सञ्चालन हुने रेल सेवाको सम्पूर्ण तयारी पूरा भएको छ। रेलको समयतालिका र भाडादर निर्धारणलगायतका काम सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो।

निर्धारित तालिकाअनुसार सरयू-कमला एक्सप्रेस शनिबार नेपाली समयअनुसार दिउँसो १:१० बजे जनकपुरधामबाट अयोध्याका लागि प्रस्थान गर्ने छ। भारतका विभिन्न सहरमा रोकिँदै रेल आइतबार भारतीय समयअनुसार बिहान ८:१० बजे अयोध्या क्यान्ट पुग्ने छ। त्यसैगरी, सोमबार साँझ ५:५० बजे अयोध्या क्यान्टबाट जनकपुरधामका लागि प्रस्थान गर्ने रेल मङ्गलबार बिहान ११:४० बजे जनकपुरधाम आइपुग्ने छ।

रेलवेका महाप्रबन्धक पराजुलीका अनुसार रेलमा टु टायर एसी, थ्री टायर एसी, एसी इकोनोमी र स्लिपर गरी चार प्रकारका सिटको व्यवस्था गरिएको छ। जनकपुरधामदेखि अयोध्यासम्मको आधारभूत भाडादर टु टायर एसीका लागि एक हजार ३६० भारतीय रुपियाँ, थ्री टायर एसीका लागि ९६५, एसी इकोनोमीका लागि ८८५ र स्लिपरका लागि ३६५ भारतीय रुपियाँ निर्धारण गरिएको छ। उक्त भाडामा कनभिनेन्स र इन्सुरेन्स शुल्क समावेश छैन।

पराजुलीले नेपालबाट अयोध्या जाने यात्रुका लागि निर्धारित भाडादर केही घटाउने विषयमा भारतीय पक्षसँग छलफल भइरहेको बताउनुभयो। उहाँका अनुसार जनकपुरधामस्थित टिकट काउन्टर बाट टिकट लिन सकिने छ भने भारतमा भारतीय रेल सेवाको प्रणालीअनुसार अनलाइनबाट पनि टिकट काट्न सकिने व्यवस्था मिलाइएको छ।

पर्यटक घुमाउने योजना भने अन्योलमा

सरयू-कमला एक्सप्रेसबाट जनकपुरधामबाट अयोध्या जाने यात्रुले अयोध्यामा एक दिन मात्रै बिताएर फर्किन सक्ने छन्। तर, अयोध्याबाट जनकपुरधाम आउने यात्रुले भने यहाँ चार दिनसम्म बस्नुपर्ने तालिका छ। यस अवधिमा आउने पर्यटकलाई जनकपुरधाम तथा आसपासका धार्मिक र पर्यटकीय स्थल घुमाउने विषयमा भने अहिलेसम्म ठोस तयारी भएको छैन।

नेपाल रेलवेका महाप्रबन्धक पराजुलीले अयोध्याबाट आउने पर्यटकका लागि चार दिनसम्मको घुमघाम प्याकेज तयार गर्न जनकपुरधामका होटल व्यवसायी सङ्ग तथा अन्य सरोकारवालालाई आग्रह गरिएको बताउनुभयो।

यसअघि सोमबार नयाँ दिल्लीस्थित हैदराबाद हाउसबाट नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा हरियो झन्डा देखाएर साप्ताहिक सरयू-कमला एक्सप्रेस रेल सेवाको उद्घाटन गर्नुभएको थियो। भगवान् रामको जन्मभूमि अयोध्याबाट रेल मङ्गलबार बिहान माता सीताको माइती जनकपुरधाम आइपुग्दा रेलमा सवार अतिथिलाई भव्य स्वागत गरिएको थियो।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७०।०६।१७ मा दर्ता भएको प्रा.लि.नं.११६६९६ भएको कुर्मी ट्रेड एण्ड कन्स्ट्रक्सन कम्पनी (प्रा.लि.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०८।११ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(क) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

औरही नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्रार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDs समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

न्यायका लागि पुगेका महिला अधिकारकर्मीमाथि.....

भई उपचाररत रहेको विज्ञप्तिमा उल्लेख छ। प्रहरीकै समन्वयमा घटनास्थल पुगेका अधिकार कर्मीमाथि आक्रमण हुनु र प्रहरी चौकीभित्रै समेत सुरक्षा सुनिश्चित हुन नसक्नुले राज्यको सुरक्षा संयन्त्रमाथि गम्भीर प्रश्न उठाएको सञ्जालको ठहर छ। सञ्जालले उक्त घटनालाई महिला अधिकार, मानव अधिकार, न्यायमा पहुँच, नागरिक समाजको स्वतन्त्र भूमिका तथा विधिको शासनमाथिको प्रत्यक्ष प्रहारका रूपमा व्याख्या गरेको छ । न्यायका लागि आवाज उठाउने मानव अधिकार रक्षकहरू नै असुरक्षित हुने अवस्था लोकतान्त्रिक समाजका लागि गम्भीर चुनौती भएको विज्ञप्तिमा जनाइएको छ।

सञ्जालले घाइते कर्मचारी तथा अधिकारकर्मीको निःशुल्क उपचार, मनोसामाजिक सहयोग र सुरक्षाको व्यवस्था गर्न तथा लुटिएका गरगहना र सम्पत्तिको क्षतिपूर्तिका लागि पहल गर्न माग गरेको छ । त्यसैगरी, न्यायको प्रक्रियामा रहेकी हिंसा प्रभावित महिला र उनका बच्चाको जीवन, सुरक्षा, गोपनीयता तथा मर्यादा सुनिश्चित गर्दै रोकिएको न्यायिक प्रक्रियालाई तत्काल अघि बढाउन आग्रह गरेको छ। घटनामा प्रहरी प्रशासनको भूमिकाबारे निष्पक्ष छानबिन गर्न, महिला तथा मानव अधिकार रक्षकहरूले हिंसा, धम्की र प्रतिशोधको डरबिना आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्ने सुरक्षित वातावरण निर्माण गर्न तथा हिंसा प्रभावित महिलाको व्यक्तिगत विवरण र संवेदनशील सूचनाको चुहावट रोक्न पनि सञ्जालले माग गरेको छ।

राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयलाई घटनाको सूक्ष्म अनुसन्धान गरी न्यायका लागि आवश्यक पहल गर्न अनुरोध गर्दै सञ्जालले नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय महिला आयोग, प्रहरी प्रधान कार्यालय र मधेश प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ।

त्यस्तै, मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयसँग महिला मानव अधिकार रक्षकहरूको सुरक्षासम्बन्धी नीति निर्माण तथा क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्न माग गरिएको छ।

विज्ञप्तिमा न्यायको पक्षमा उभिनु अपराध नभएको उल्लेख गर्दै मानव अधिकार रक्षकलाई आक्रमण गर्नु दण्डनीय अपराध भएको जनाइएको छ। महिला तथा मानव अधिकार रक्षकहरूको सुरक्षा र न्यायको प्रत्याभूति गर्न नसक्ने अवस्थालाई कुनै पनि हालतमा स्वीकार गर्न नसकिने सञ्जालले जनाएको छ।

मधेशमा महिला मानव.....

विना सिंहले सहजीकरण गर्नुभएको कार्यक्रम सञ्जाल मधेश प्रदेशकी अध्यक्ष अधिवक्ता रेखा झाको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल, मधेश प्रदेश प्रहरी तथा जिल्ला प्रहरीका प्रतिनिधि, प्रदेशका आठवटै जिल्लाका महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष तथा सदस्य र महिला मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

यसैबीच, लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको पूर्वसन्ध्यामा धनुषाको मुखियापट्टी मुसहरनिया महिलामाथि हुने हिंसा, जातीय विभेद, दण्डहीनता तथा अधिकार कर्मीमाथिको दमनविरुद्ध सामूहिक आवाज निरन्तर बुलन्द गर्ने प्रतिबद्धता समेत विज्ञप्तिमार्फत व्यक्त गरिएको छ।

पत्रकार सम्मेलनमा संजालको बारा जिल्ला अध्यक्ष तथा प्रदेश सदस्य निभा सिंह -विज्ञप्ति वाचन गर्नुभएको थियो भने संजालका राष्ट्रिय अध्यक्ष श्यामकुमारी साह, प्रदेश अध्यक्ष अधिवक्ता रेखा झा लगायत प्रदेशका आठवटै जिल्लाका अध्यक्ष तथा सदस्यहरुको संयुक्त हस्ताक्षरित विज्ञप्ति जारी गरिएको छ।

गाउँपालिकामा महिला मानव अधिकार रक्षक तथा ओरेकका कर्मचारीमाथि भएको आक्रमणको सञ्जालले भर्त्सना गरेको छ । घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न माग गर्दै प्रदेशका आठवटै जिल्लाका अध्यक्ष तथा सदस्यहरूको संयुक्त हस्ताक्षर सहितको विज्ञप्तिसमेत जारी गरिएको थियो ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

महोत्तरी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

मुसहर समुदायको सशक्तीकरणमा संस्थागत पहल

अर्जुन साह

मंसीर ४ गते, महोत्तरी

सामाजिक, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेको मुसहर समुदायको सशक्तीकरण र अधिकार सुनिश्चितताका लागि सञ्चालित कार्यक्रमले सकारात्मक परिवर्तन ल्याउन थालेको छ । अपाङ्गता भएका व्यक्तिको पहिचान, महिला तथा किशोरीको सचेतना अभिवृद्धि, बालबालिकाको शिक्षामा पहुँच र आधारभूत सेवासुविधा विस्तारका क्षेत्रमा विभिन्न पहल भइरहेका छन् ।

लुथरन वर्ल्ड फेडरेसन नेपाल (एलडब्लुएफ) को आर्थिक सहयोग तथा ऋषिवंश एकता समाज नेपाल र लुथरन सामुदायिक कल्याण समाजको आयोजनामा सञ्चालित मुसहर समुदायको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत बिहीबार धनुषाका विभिन्न स्थानीय तहमा स्थलगत अनुगमन तथा अन्तर क्रिया गरिएको छ ।

अनुगमन टोलीले क्षिरेश्वरनाथ, धनुषाधाम र हंसपुर नगरपालिकाका विभिन्न बस्तीमा पुगेर अपाङ्गता भएका व्यक्तिका समूह, महिला तथा किशोरी समूह, स्थानीय अगुवा, विद्यालय र सेवा प्रदायक संस्थाको अवस्था तथा कार्यक्रमका उपलब्धिबारे जानकारी लिएको थियो ।

हंसपुर नगरपालिका-८ का ३८ वर्षीय सुखी मण्डलले अपाङ्गता भएका व्यक्तिको पहिचान र अधिकारका लागि समुदायस्तरमा पैरवी गर्दै आउनुभएको छ । उहाँको पहलमा हालसम्म ३७ जना अपाङ्गता भएका व्यक्तिको पहिचान गरी उनीहरूलाई सरकारी सेवासुविधामा पहुँच पुऱ्याउन समन्वय भइरहेको छ ।

त्यस्तै, स्थानीय अगुवा राजकुमार सदा र जयप्रकाश सदाको पहलमा हंसपुर नगरपालिका-८ मा निर्माण गरिएको सामुदायिक विद्यालयमा मुसहर समुदायका करिब १५० जना बालबालिका अध्ययनरत छन् । समुदायमै विद्यालय सञ्चालन भएपछि बालबालिकाको भर्ना र नियमित अध्ययनमा सहजता भएको स्थानीयको भनाइ छ ।

महिला तथा किशोरीको सशक्तीकरणका लागि सञ्चालित रूपान्तर शिक्षा कार्यक्रममा २४ जना सहभागी छन् । आठ महिनादेखि सञ्चालन हुँदै आएको कार्यक्रममा बालविवाह, बहुविवाह, दाइजो प्रथा, लैङ्गिक हिंसा तथा कानुनी अधिकार का विषयमा जानकारी दिइँदै आएको छ । कार्यक्रमले महिला तथा किशोरीमा सामाजिक विभेद र कुरीतिविरुद्ध आवाज उठाउने क्षमता विकास गर्न सहयोग पुऱ्याएको अनुगमनमा पाइएको छ ।

यसैगरी, लक्ष्मीनिया गाउँपालिका-३ गमहरियास्थित गणेशमान नवदुर्गा राष्ट्रिय प्राथमिक विद्यालयमा खानेपानीको समस्या समाधान गर्न लुथरन संस्थाको सहयोगमा धारा जडान गरिएको छ । हाल ५७ जना विद्यार्थी अध्ययनरत उक्त विद्यालयमा खानेपानीको सुविधा पुगे पनि शौचालय, शैक्षिक तथा खेलकुद सामग्रीको अभाव रहेको विद्यालयले जनाएको छ ।

कार्यक्रमका सकारात्मक उपलब्धिका बावजुद मुसहर समुदायमा जन्मदर्ता तथा नागरिकता प्राप्तिमा कठिनाइ, गरिबी, बेरोजगारी, शिक्षामा न्यून पहुँच, सीप विकासको अभाव, सामाजिक



विभेद तथा महिला हिंसाजस्ता समस्या अझै कायम रहेको अनुगमनका क्रममा देखिएको छ। यी समस्याको दीर्घकालीन समाधानका लागि स्थानीय सरकार , सेवा प्रदायक निकाय, नागरिक समाज र विकास साझेदारबीच समन्वय आवश्यक रहेको अनुगमन टोलीले औँल्याएको छ।

लुथरन सामुदायिक कल्याण समाजका कार्यक्रम अधिकृत सुजित सोरेनको नेतृत्वमा भएको अनुगमनमा संस्थाका पदाधिकारी, पत्रकार तथा सामाजिक अभियन्ताको सहभागिता रहेको थियो ।

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौं: सुन्दर बनाओं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाओं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिओं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाओं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिओं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराओं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराओं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाओं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाओं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाओं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिओं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराओं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाओं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाओं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराओं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाओं।

सावधानी अपनाओं, बर्डफ्लुको जोखिम घटाओं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिओं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,